**वैदेशिक भ्रमण व्यवस्थापन निर्देशिका २०७५को दफा १४को उपदफा(१)संग सम्बन्धित भ्रमण सम्बन्धि प्रतिवेदन**

**१.कार्यक्रमको नाम:** 7th meeting of the SAARC CVO's Forum and 4th FAO/OIE Sub Regional meeting of GF-TADs for SAARC

**२. भ्रमणमा गएको मुलूक:** इस्लामाबाद, पाकिस्तान

**३.भ्रमणको किसिम:** नेपाल सरकारको मनोनयनमा सम्पुर्ण खर्च आयोजकबाटै ब्यहोरिने

**४. भ्रमण अवधि:** २०७६।४।६ देखि २०७६।४।८

**५.भ्रमण स्वीकृत गर्ने तह र मिति:** नेपाल सरकार (माननीय मन्त्रीस्तर ) मिति २०७६ असारको निर्णयानुसार मनोनयन स्वीकृत भइ सहभागी भएको ।

**६.भ्रमण टोलीको नेता र सहभागी संख्या:** सार्क सदस्य राष्ट्रका सी. भी. ओ. (चिफ भेटेरिनरी अफिसर) हरु र एफ. ए. ओ. /ओ. आइ. इ.को सीमाविहिन पशु रोगको ग्लोबल फ्रेमवर्क सम्बन्धि बैठक भएको र आयोजक संस्थाबाट सी. भी. ओ. र इपिडेमियोलोजी को फोकल अधिकृत को मनोनयन हुन अनुरोध भइ आएकोले नेपालका सी. भी. ओ. तथा पशु सेवा विभागका महानिर्देशक डा. बंशी शर्मा, र पशु सेवा विभागकै इपिडेमियोलोजी शाखामा कार्यरत बरिष्ठ पशु चिकित्सिक डा. मुकुल उपाध्यायको मनोनयन भएको ।

**७.भ्रमणको उदेश्य:** सार्क राष्ट्रका सदस्य मुलुकहरुका चीफ भेटेरिनरी अफिसरहरुको प्रत्येक दुई–दुई वर्षमा आयोजना हुने गरेको सी. भी. ओ. बैठकमा विशेष गरि सार्क राष्ट्रका राष्ट्रिय भेटेरिनरी सेवाका प्रमुखहरु सम्मिलित भई सार्क क्षेत्रमा पशुपन्छीका सीमाविहिन लगायतका आर्थिक दृष्टिकोणले महत्वपुर्ण रोगहरुको सुचना, आदान प्रदान गरि पशुपन्छीका रोगहरुको रोकथाम, नियन्त्रण र उन्मुलन गर्न साझा अवधारणाको विकास र विस्तार, रणनीति तयारी र गरिएका प्रयास बारे एक आपसमा सुचना आदान प्रदान गरि समृद्ध सार्क राष्ट्रको निर्माणमा सहयोग पुरयाउने रहेको थियो । यसको अन्य उदेशय भनेको विगतमा सार्कको संरचना अन्तर्गत सार्क इपिनेट फोरम र सार्क प्रयोगशाला फोरममा भएका विभिन्न निर्णय कार्यान्वयन स्थितिको समीक्षा र अनुमोदन समेत गर्ने रहेको थियो ।

**८.भ्रमणको कममा‌ा भेट भएका समकक्षी, पदाधिकारी र संख्या:** बैठकमा मालदिभ्स बाहेक सात वटै सार्क सदस्य राष्ट्रका चीफ भेटेरिनरी अफिसरहरु, प्रतिनिधिहरु, काठमाण्डौ स्थित सार्क सचिवालयका निर्देशक(कृषि तथा ग्रामीण विकास महाशाखा तर्फ) र प्रतिनिधि, बंगलादेशस्थित सार्क कृषि केन्द्रका प्रतिनिधि र विषय विशेषज्ञहरु, एफ. ए. ओ. का प्रतिनिधिहरु, विश्व पशु स्वास्थ्य संगठनका प्रतिनिधिहरु, इस्लामाबादको पशु सेवा विभाग र सम्बन्धित मंत्रालयका प्रतिनिधि समेत गरि जम्मा ३० जनाको सहभागिता रहेको थियो ।

**९.भ्रमणबाट क्षमता विकासमा पर्ने प्रभाव:** सी भी ओ फोरम र एफ ए ओ जी एफ टयाड को बैठकबाट पशु सेवा र पशु स्वास्थ्यका क्षेत्रमा भएका सार्कस्तरका नीतिगत तथा कानुनी प्रावधानहरु,

डा. बंशी शर्मा
महानिर्देशक

क्षेत्रियस्तरमा यस सम्बन्धमा भएका सहकार्यहरु, सीमाविहिन पशु रोगहरुको रोकथाम तथा नियंत्रण र कमागत रुपमा उन्मुलन गर्ने सम्बन्धमा मार्गचित्र तयारी, कार्यान्वयन र समीक्षा गरेर आ आफनो देशमा राष्ट्रियस्तरमा खोरेत, पि. पि. आर. ,बर्ड फलु र रेबिज रोग नियंत्रण, उन्मुलन गर्न रणनीति, जोखिममा आधारित रणनीतिक योजना, कार्ययोजना तयार गर्न मदद हुने देखिन्छ ।

**१०.भ्रमणबाट संगठनलाई हुने उपलब्धिः** सार्कस्तरमा पशु सेवा तथा पशु स्वास्थ्यको क्षेत्रमा हुने एक आपसमा हुने विभिन्न प्रकारका प्राविधिक तथा वित्तिय सहयोग प्राप्त हुन सक्ने । विशेष गरि पशु नश्ल सुधारको लागि जर्मप्लाजम र प्रयोगशालाहरुबाट रोग निदान सम्बन्धमा सहयोग प्राप्त हुने र सीमाविहिन रोग नियंत्रण र उन्मुलनको क्षेत्रियस्तरको प्रतिबद्धता रहंदा रोग नियंत्रण र उन्मुलनको लागि प्राविधिक र आर्थिक पक्षमा समेत सहयोग प्राप्त हुने देखिन्छ ।

**११.अन्य राय सुझावः** यस किसिमका बैठकमा भाग लिनु पुर्व स्वदेशमा पुर्व सी भी ओ, विषय विशेषज्ञ सहित बैठक बसि विगतका फोरममा भएका निर्णयहरुको कार्यान्वयको अवस्था बारे समीक्षा गरि आगामी बैठकमा के कस्ता विषयहरुमा संगठनका तर्फबाट प्रस्तुति गर्ने भन्ने विषयमा निर्णय गर्न सक्दा बैठकका सहभागी र आफनै देशलाई पनि फाइदा पुग्ने र समग्ररुपमा सही तथा उपयुक्त किसिमका निर्णयहरु भइ सफल कार्यान्वियन हुने र सार्क सी भी ओ फोरमले सार्क राष्ट्रमा पशु सेवा र पशु स्वास्थ्यको क्षेत्रमा उल्लेखनिय उपलब्धि हासिल गर्न सक्ने देखिन्छ ।

**प्रतिवेदन पेश गर्नेः**

**डा. बंशी शर्मा, महानिर्देशक, पशु सेवा विभाग**

डा. बंशी शर्मा
महानिर्देशक

**डा. मुकुल उपाध्याय, बरिष्ठ पशु चिकित्सक, पशु सेवा विभाग**